आज मिति २०८२ साल चैत्र २३ गते दिनको ४:०० बजे यस रास्कोट नगरपालिकाका **नगर प्रमुख श्री धर्मराज शाही** ज्यूको अध्यक्षतामा तथा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको ५७ औं बैठक बसि तपशिलका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

<u>तपशिल:</u>

| पद | नाम थर | हस्ताक्षर |
|---|---|---|
| नगर प्रमुख | श्री धर्मराज शाही | |
| नगर उप प्रमुख | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री उदयराम आचार्य | |
| वडा अध्यक्ष | श्री धुर्वराज सिम्खडा | |
| वडा अध्यक्ष | श्री राजेन्द्रनाथ योगी | |
| वडा अध्यक्ष | श्री दिनेश संज्याल | |
| वडा अध्यक्ष | श्री मन तिरुवा | |
| वडा अध्यक्ष | श्री कर्ण फर्साल | |
| वडा अध्यक्ष | श्री कपुर महतारा | |
| वडा अध्यक्ष | श्री धन बहादुर धामी | |
| कार्यवाहक वडा अध्यक्ष | श्री रत्ना देवी न्यौपाने | |
| कार्यपालिका सदस्य | श्री भैरे तिरुवा | |
| " | श्री दंगली सार्की | |
| " | श्री तारा वि क | |
| " | श्री भैपुरा बम शाही | |
| " | श्री उमा योगी | |
| " | श्री पुनम बम शाही | Punam |
| " | श्री गोविन्द्रा सुनार | Gobind |
| नि. प्रमख प्रशासकीय अधिकृत | श्रृजना अधिकारी | |

प्रस्तावहरु:

१. नवप्रवर्तन साझेदारी कार्यक्रममा लागत साझेदारी बजेट विनियोजन सम्बन्धमा ।

२. प्रदेश विषेश अनुदान अन्तर्गत दलित महिला शसक्तिकरण कार्यक्रम बजेट ब्रेकडाउन सम्बन्धमा ।

३. बजार सटर भाडा सम्झौता सम्बन्धमा ।

४. विदाई तथा सम्मान कार्यक्रम सम्बन्धमा ।

५. आ.व. २०८२।०८३ को योजना तर्जुमा सम्बन्धमा ।

६. राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगितामा भाग लिन जाने सम्बन्धमा ।

७. विद्युतिय सेवा केन्द्रको सेवा स्तरोन्नती सम्बन्धमा ।

**निर्णय नं. १ प्रस्ताव नं. १** माथि छलफल गर्दा यस रास्कोट नगरपालिका र कर्णाली प्रदेश सुशासन केन्द्रको नवप्रवर्तन साझेदारी कार्यक्रममा लागत साझेदारी गर्ने "डिजिटल पालिका" योजनाको बजेट नगरपालिका तर्फ जम्मा बजेट रु.७० लाख प्रदेश कार्यक्रम सहयोग ईकाइको रु. ४९ लाख र रास्कोट नगरपालिकाको रु. २१ लाख हुनेगरि साझेदारीमा कार्यान्वियन गर्ने गरिन वजेट स्वीकृत भई सम्झौता भएको सो योजना कार्यान्वयन गर्न आवश्यक प्रक्रिया अगाडी बढाउन सूचना प्रविधि शाखा र प्राविधिक शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** यस रास्कोट नगरपालिका आ.व. २०८२।०८३ को प्रदेश बिशेष अनुदान कार्यक्रम (दलित, असहाय तथा एकल महिला शसक्तिकरण कार्यक्रम) चालु तर्फको रु ३०,००,०००।– प्राप्त भएकोमा उक्त बजेटको देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्ने गरी बजेट बाडँफाडँ गर्ने निर्णय गरियो ।

१. महिला समुहलाई बाख्रा पालन व्यवसाय सञ्चालनका लागि रु. १४ लाख
२. महिला उद्यमीहरुका लागि ग्राभेन्ट सञ्चालनका लागि रु. ७ लाख
३. महिला सशक्तिकरण तथा जनचेतनामुलक कार्यक्रम रु. ४ लाख
४. लक्षित वर्गलाई स्वास्थ्य शिविर सञ्चालन रु. ३ लाख
५. बाल विवाह दर तथ्याङ्क सङ्कलन रु. १ लाख
६. लैंगिक समानता अपाङ्गता तथा सामाजिक समाबेशीकरण परिक्षण रु. १ लाख

**निर्णय नं. ३** माथि छलफल गर्दा यस रास्कोट नगरपालिको आर.सि.पि. बजार केन्द्रमा रहेका सटरहरुको सम्झौता म्याद मिति २०८०।१२।३० –मिति २०८२।१२।३०गते सम्म मात्र रहेकाले उक्त सटर भाडा सम्झौता अवधि हाललाई मिति २०८३।०१।०१ देखि २०८३।०३।३० सम्म ३(तीन) महिनाको लागि साविकमा सञ्चालनमा रहेका व्यवसायधनि संगै सम्झौता गर्ने र सम्झौता रकम प्रति सटर रु. ५०००।– (अक्षरुपी पाँच हजार मात्र) का दरले कायम गर्ने तत् पश्चात आगामी आ.व. देखि १/१ वर्षमा सटर भाडा सम्झौता म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** माथि छलफल गर्दा यस रास्कोट नगरपालिकाको कार्यालयमा विगत लामो समय देखि नि. प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्यरत रहदै आउनु भएका पशु विकास अधिकृत(आठौं) श्री जवान सिंह वम ज्युले मिति २०८२।०८।१६ गते देखि लागु हुनेगरि स्वेच्छिक अवकाश लिई सेवा निवृत्त हुन लाग्नुभएकाले उहाँले विगतमा यस कार्यालयको सम्रग प्रशासनिक, प्राविधिक, संस्थागत विकास तथा सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्यमा पुर्याउनु भएको योगदानको कदर गर्दै उहाँलाई यस कार्यपालिकाको तर्फबाट र समग्र नगरवासीको तर्फबाट हार्दिक स-सम्मान सहित विदाई गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** माथि छलफल गर्दा आगामी आ.व. २०८३/०८४ को योजना तर्जुमा सम्बन्धी प्रत्येक वडा कार्यालयहरुलाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम बस्तिस्तरका योजना छनोट, वडा समितिबाट प्राथमिकरण जस्ता कार्यहरु गर्न निर्देशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६** माथि छलफल गर्दा जिल्ला स्तरीय राष्ट्रपति रनिङ् शिल्ड कालीकोट जिल्ला नरहरीनाथ गाउँपालिकामा मिति २०८३।०१।०७ देखि १० गते सम्म सञ्चालन हुने उक्त खेलकुद प्रतियोगितामा यस रास्कोट नगरपालिकाको पालिका स्तरीय रनिङ्ग शिल्डबाट खेलाडी छनोट गरी प्रतियोगिता सहभागिता जनाउने निर्णय गरियो।

**निर्णय नं. ७** रास्कटो नगरपालिकामा हाल सञ्चालनमा रहेको फ्युज शाखाबाट विद्युत सेवा प्रवाह भईरहेकोमा, यस नगरपालिकामा बढ्दो जनसंख्या, सेवाग्राहीको संख्या तथा आसपासका छिमेकी गाँउपालिका क्षेत्रका उपभोक्ताहरु समेत यही शाखा मार्फत सेवा प्राप्त गरिरहेकोका सेवा चाप अत्याधिक बढ्दै गएको छ। साथै यस क्षेत्रमा हाल ईलाका प्रशासन कार्यालय स्थापना भई सेवा सञ्चालन भईरहेको तथा भविष्यमा व्यापारिक एव् प्रशासनिक केन्द्रका रुपमा विकास हुँदै जाने सम्भावना रहेको सन्दर्भमा विद्युत सेवाको माग निरन्तर वृद्धि भईरहेको अवस्था छ।

उक्त अवस्थालाई मध्यनजर गर्दै हालको फ्युज शाखा संरचना प्रभावकारी, छिटो र गुणस्तरीय सेवा प्रवाहका लागि अपर्याप्त देखिएकाले, रास्कटो नगरपालिकामा रहेका उक्त शाखालाई स्तरोन्नति गरी विद्युत सेवा केन्द्र वा आवश्यकता अनुसार वितरण उप-केन्द्र वा ग्राहक सेवा केन्द्र स्थापना गर्न नेपाल विद्युत प्राधिकरणमा औपचारिक रुपमा सिफारिस तथा अनुरोध गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं. ८ यस रास्कोट नगरपालिका र स्थानीय पुर्वाधार सहयोग कार्यक्रम(LISP) संगको साझेदारीमा सञ्चालित योजनाहरुको ठेक्काबाट बचेको बजेट रकमबाट थप योजनाहरुको लागि आवश्यक गैह-स्थानीय निर्माण सामाग्रीहरुको खरिद गर्नु पर्ने भएकाले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम सोझै खरिद(Direct Purchase) मार्फत खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ९** यस रास्कोट नगरपालिका वडा नं. ५ स्थित संचालनमा रहेको रास्कोट बहुमुखी क्याम्पस सञ्चालन तथा व्यवस्थापनका आर्थिक अभाव भएको भनि यस नगरपालिकालाई आर्थिक सहयोगका लागि औपचारिक रुपमा पत्राचार भएकोमा यस नगरपालिकाले उक्त क्याम्पसमा कार्यरत २(दुई) जना शिक्षकको नियमानुसार हुन आउने सम्पूर्ण तलब भत्ता बापतको बार्षिक रकम एकमुष्ट रुपमा अनुदान स्वरुपमा क्याम्पसमा प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १० समता फांउन्डेसन, ललितपुर नेपालले यस रास्कोट नगरपालिकामा परियोजना सञ्चालनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न पुर्वस्वीकृति प्रदानका लागि पेश गरेकोका कागजातका आधारमा उक्त समता फाउन्डेसनलाई प्रचलित कानुन बमोजिम साढे दुई (२.५) वर्ष सम्म परियोजना सञ्चालनका लागि यस रास्कोट नगरपालिका वडा नं. ८ स्थित विकल्प स्मृति आधारभूत स्वास्थ्य चौकीमा महिनावारी सेवा डेक्स स्थापना गर्न स्वीकृत प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ११ रास्कोट नगरपालिकाको आ.व. २०८१।०८२ मा सम्झौता भएका संघीय समपुरक योजनाहरुको सम्झौता अवधि भित्र विविध कारणवश निर्माण कार्य समयमा सम्पन्न हुन नसक्दा सम्झौता म्याद थप गर्नु पर्ने भएकाले प्राविधिक शाखाको स्थलगत निरिक्षण रिपोर्ट र निर्माण व्यवसायीको निवेदन प्राप्त हुन आएकाले देहायका योजनाहरुको ठेक्का सम्झौता म्याद थप गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो।

देहायः

| क्र.स. | ठेक्का नं. | आयोजनाको नाम | निर्माण व्यवसायी | साविक सम्झौता मिति | सम्झौता म्याद | थप्न पर्ने अवधि |
|---|---|---|---|---|---|---|
| १ | RM/81-82/BLDG/WORKS/NCB-02 | Contruction work of ward office building ward 1,2,3 of Raskot Municiplaity | KTS Nirman Sewa, Chayanath Rara mugu | २०८०।१०।०३ | २०८२।०३।३० | २०८३ असार मसान्त |
| २ | RM/81-82/BLDG/WORKS/NCB-03 | Contruction work of ward office building ward 4,7,8 of Raskot Municipality | KTS Nirman Sewa, Chayanath Rara mugu | २०८०।१०।०३ | २०८२।०३।३० | २०८३ असार मसान्त |